(संवत् २०८१ साल माघ मसान्तसम्म भएका संशोधन मिलाइएको)

# हुलाक ऐन, २०१९

| | | |
|---|---|---|
| | | लालमोहर र प्रकाशन मिति |
| | | २०१९।१२।३० |
| संशोधन गर्ने ऐन | | |
| १. | केही नेपाल कानून (संशोधन र पुनः व्यवस्थापन) ऐन, २०२० | २०२०।११।१६ |
| २. | हुलाक (प्रथम संशोधन) ऐन, २०३० | २०३०।१२।११ |
| ३. | न्याय प्रशासन सुधार ऐन, २०३१ | २०३१।४।१८ |
| ४. | न्याय प्रशासन सुधार (चौथो संशोधन) ऐन, २०४३ | २०४३।७।२४ |
| ५. | हुलाक (दोस्रो संशोधन) ऐन, २०४४ | २०४४।७।१ |
| ६. | हुलाक (तेस्रो संशोधन) ऐन, २०४५ | २०४५।७।१० |
| ७. | सञ्चार सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०४७ | २०४७।७।१४ |
| ८. | न्याय प्रशासन ऐन, २०४८ | २०४८।२।१६ |
| ९. | हुलाक (चौथो संशोधन) ऐन, २०५० | २०५०।६।२७ |
| | | प्रमाणीकरण र प्रकाशन मिति |
| १०. | गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६🠸 | २०६६।१०।७ |
| ११. | केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ | २०७२।११।१३ |
| १२. | केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४▬ | २०७४।६।३० |
| १३. | नेपालको संविधान अनुकूल बनाउन केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७५ | २०७५।११।१९ |

२०१९ सालको ऐन नं. ५०

2................

🠸 यो ऐन संवत् २०६५ साल जेठ १५ गतेदेखि लागू भएको ।

▬ यो ऐन संवत् २०७५ साल भाद्र १ गतेदेखि लागू भएको ।

# हुलाक सम्बन्धी नेपाल कानूनलाई संशोधन र एकीकरण गर्न बनेको ऐन

प्रस्तावनाः ⇒सर्वसाधारण जनताको सुविधा कायम राख्न हुलाक सम्बन्धी नेपाल कानूनलाई संशोधन र एकीकरण गर्नु वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट नेपालको संविधानको धारा ९३ अनुसार यो ऐन बनाईबक्सेको छ ।

## परिच्छेद – १

## प्रारम्भिक

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भः (१) यस ऐनको नाम "हुलाक ऐन, २०१९" रहेको छ ।

(२) यो ऐन नेपाल 2........ भर लागू हुनेछ र नेपाल 2......... बाहिर रहेका नेपाली नागरिकलाई पनि लागू हुनेछ ।

(३) दफा ३१, दफा ३२ र परिच्छेद–८ नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएको मिति देखि र अरु दफाहरु तुरुन्त प्रारम्भ हुने छन् ।⮝

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) "महानिर्देशक" भन्नाले नेपाल सरकारको हुलाक सेवा विभागको महानिर्देशक सम्झनु पर्छ । यो शब्दले सो विभागको महानिर्देशकको अधिकार प्रयोग गर्ने अरु पदाधिकारीलाई समेत जनाउँछ ।

α(ख) "क्षेत्रीय निर्देशक" भन्नाले क्षेत्रीय हुलाक निर्देशनालयको क्षेत्रीय निर्देशक सम्झनु पर्छ र सो शब्दले क्षेत्रीय

---

2 गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।

⇒ केही नेपाल कानून (संशोधन र पुनः व्यवस्थापन) ऐन, २०२० द्वारा संशोधित ।

⮝ मिति २०२२।१२।२६ को नेपाल राजपत्रमा प्रकाशित सूचना बमोजिम परिच्छेद-८ मिति २०२३।१।१ देखि प्रारम्भ हुने गरी तोकिएको ।



कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

निर्देशकको अधिकार प्रयोग गर्ने अन्य पदाधिकारीलाई समेत जनाउँछ ।

(ग) "हुलाक हाकिम" भन्नाले हुलाक अड्डाको मुख्य कर्मचारी सम्झनु पर्छ र यो शब्दले हुलाक हाकिमको अधिकार प्रयोग गर्ने अरु कर्मचारीलाई समेत जनाउँछ ।

(घ) "हुलाक वा हुलाक अड्डा" भन्नाले नेपाल सरकारबाट खडा गरिएको हुलाक अड्डा सम्झनु पर्छ र यो शब्दले हुलाक अड्डाको प्रयोजनको निमित्त प्रयोग गरिएको जुनसुकै घर, भवन, कोठा, सवारी वा ठाउँ र हुलाक वस्तुहरु खसाल्नको निमित्त हुलाक अड्डाले राखेको जुनसुकै पत्र मञ्जूषालाई समेत जनाउँछ ।

(ङ) "हुलाक अड्डाको कर्मचारी" भन्नाले हुलाक अड्डाको काममा लगाइएको जुनसुकै व्यक्ति सम्झनु पर्छ ।

(च) "हुलाक वस्तु" भन्नाले चिठ्ठी, समाचारपत्र, पत्रिका, बुकपोष्ट, नमूना प्याकेट, अन्धा साहित्य, पुलिन्दा र हुलाकबाट चलान हुन सक्ने जुनसुकै चीज वा वस्तुलाई समेत जनाउँछ ।

(छ) "चिठ्ठी" भन्नाले चिठ्ठी, हुलाकपत्र र हवाईपत्रलाई समेत जनाउँछ ।

(ज) "आन्तरिक हुलाक वस्तु" भन्नाले नेपाल [2]........ भित्रको कुनै ठेगानामा डेलिभरी हुने गरी नेपाल [2].......... भित्रै पोष्टिङ्ग (हुलाक दाखिल) गरिएको हुलाक वस्तु सम्झनु पर्छ ।

(झ) "डाँक थैला" भन्नाले हुलाकबाट चलान गर्दाको अवस्थामा हुलाक वस्तुहरु राखी लैजाने थैला, बाकस, पुलिन्दा वा अरु खाम वा खोललाई समेत जनाउँछ ।

---

α चौथो संशोधनद्वारा संशोधित ।

2 गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।

कानून न्याय संसदीय मामिला मन्त्रालय

(ञ) "हुलाक महसुल" भन्नाले हुलाकबाट चलान गर्ने हुलाक वस्तुहरुमा लाग्ने महसुल सम्झनु पर्छ ।

*(ट) "हुलाक टिकट" भन्नाले हुलाक वस्तुमा लाग्ने हुलाक महसुल वा अरु कुनै दस्तुर वा रकम अङ्कित गर्न नेपाल सरकारले निकालेको टिकट सम्झनु पर्छ र सो शब्दले कुनै खाम, हुलाकपत्र वा अरु कुनै वस्तुमा छापेर इम्बस् वा इम्प्रेस गरेर वा फ्रेकिङ्ग मेशिनद्वारा अङ्कित गरेर लगाइएको टिकटको निस्सालाई समेत जनाउँछ ।

❐(ट१) "हुलाक अपराध" भन्नाले यस ऐन बमोजिम सजाय हुने कसूर सम्झनु पर्छ ।

(ठ) कुनै हुलाक वस्तुको सम्बन्धमा "हुलाकबाट चलान गर्दाको अवस्था" भन्नाले हुलाक वस्तु हुलाक अड्डामा डेलिभरी गरे देखि ठेगानावालालाई डेलिभरी गरिएको वा पठाउनेलाई फिर्ता डेलिभरी गरिएको वा परिच्छेद–७ अन्तर्गत फर्छ्याइएको समयसम्मको अवधि सम्झनु पर्छ ।

(ड) कुनै हुलाक वस्तुको सम्बन्धमा "हुलाक अड्डामा डेलिभरी गर्ने" भन्नाले हुलाक वस्तु पोष्टिङ्ग (हुलाक दाखिल) गर्नको निमित्त तत्सम्बन्धी अधिकार प्राप्त व्यक्तिलाई डेलिभरी गर्ने सम्झनु पर्छ ।

(ढ) कुनै हुलाक वस्तुको सम्बन्धमा "ठेगानावालालाई डेलिभरी गर्ने" भन्नाले हुलाक वस्तु ठेगानावालाको घर वा कार्यालयमा वा ठेगानावाला आफैलाई वा निजको नोकर वा प्रतिनिधिलाई वा सामान्य प्रचलन अनुसार ठेगानावालाको नाममा आएको हुलाक वस्तुको डेलिभरी

---

✱ पहिलो संशोधनद्वारा संशोधित ।

❐ दोस्रो संशोधनद्वारा थप ।



कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

लिन अधिकार भएको भन्ने मानिएको अरु व्यक्तिलाई डेलिभरी गर्ने सम्झनु पर्छ ।

(ण) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यो ऐन अन्तर्गत बनेको नियमहरुमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

परिच्छेद – २

एकाधिकार र दायित्व

३. चिट्ठीहरु ओसार्ने एकाधिकार नेपाल सरकारमा सुरक्षित रहनेः नेपाल [2]......... भित्र नेपाल सरकारबाट हुलाक व्यवस्था चलाइएका ठाउँहरूमा देहाय बमोजिम बाहेक चिट्ठीहरु ओसार्न र सो कामको निमित्त चिट्ठीहरु प्राप्त गर्ने, जम्मा गर्ने, पठाउने, चलान गर्ने, डेलिभरी गर्ने र तत्सम्बन्धी अरु सेवाहरुको सञ्चालन गर्ने एकाधिकार नेपाल सरकारको हुनेछः–

(क) बाटोमा, भ्रमणमा वा यात्रामा कसैले कसैलाई डेलिभरी गरिदिनु भनी दिएको चिट्ठी, कुनै किसिमको ज्याला, इनाम वा मुनाफा नलिई ठेगानावालालाई डेलिभरी गर्ने ।

(ख) पठाउने वा पाउनेको कारोबारसित मात्र सम्बन्ध भएको चिट्ठी कुनै विशेष व्यक्ति मार्फत पठाउने, र

(ग) जल, स्थल वा हवाई मार्गबाट मालसामानहरु पठाउँदा सँगसँगै पठाइएको सो मालसामानसित मात्र सम्बन्ध भएको चिट्ठी कुनै किसिमको ज्याला, इनाम वा मुनाफा नलिई डेलिभरी गर्ने ।

तर यस दफामा लेखिएको कुनै कुराले खण्ड (क), (ख) वा (ग) मा लेखिए बमोजिमका चिट्ठीहरु हुलाकबाट

2 गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।



कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

बाहेक अरु साधनबाट पठाउन भनी जम्मा गर्न कुनै व्यक्तिलाई अधिकार दिएको मानिने छैन ।

📖(घ) वायु सेवाद्वारा सञ्चालित एयर डकुमेण्ट पठाउने वा डेलिभरी गर्ने ।

❖३क. निजी क्षेत्रलाई हुलाक सेवा सञ्चालन गर्न इजाजतपत्र दिन सकिने: (१) यस ऐनको अन्य दफाहरुमा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारले कुनै व्यक्ति वा संस्थालाई तोकिएको शर्तहरुको अधीनमा रही यस ऐन बमोजिम सञ्चालन हुने हुलाक सेवा सञ्चालन गर्नको निमित्त इजाजतपत्र दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम इजाजतपत्र प्राप्त व्यक्ति वा संस्थाले पालन गर्नु पर्ने शर्तहरु वा यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत कुनै काम गरे गराएमा त्यस्तो व्यक्ति वा संस्थाबाट भएको क्षतिको हर्जाना भराई कसूरको मात्रा हेरी पाँच वर्षसम्म कैद वा दुई हजार पाँच सय रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ ।

४. चिट्ठीहरु ओसार्न नपाउने व्यक्तिहरु: नेपाल 2.......... भित्र नेपाल सरकारबाट हुलाक व्यवस्था चलाईएका ठाउँहरुमा यात्री वा सामान ओसार्ने सवारीको धनी वा निजको मानिस वा प्रतिनिधिले आफ्नो सवारीमा भएको मालसामानसित मात्र सम्बन्ध भएको बाहेक अरु चिट्ठीहरु कसैलाई डेलिभरी गर्न वा डेलिभरी गर्न भनी लिन, जम्मा गर्न, ओसार्न वा अरुलाई दिन मनाही गरिएको छ ।

५. नेपाल सरकारको दायित्व नहुने: यो ऐनका अरु दफाहरुमा अर्कै कुरा लेखिएकोमा बाहेक हुलाक वस्तुहरु हुलाकबाट चलान गर्दाको अवस्थामा हराएमा, गलत डेलिभरी भएमा वा ढिलो डेलिभरी भएमा वा नोक्सान भएमा त्यस्तो दायित्व नेपाल सरकारले ब्यहोर्न पर्ने छैन र जालसाजी वा

📖 पहिलो संशोधनद्वारा थप ।

❖ चौथो संशोधनद्वारा थप ।

2 गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।

जानाजान गफलतले भए गरेकोमा बाहेक उपरोक्त कुरामा हुलाक अड्डाको कर्मचारीले पनि दायित्व व्यहोर्न पर्ने छैन ।

📖५क. <u>डाँक ढुवानी गर्नु पर्नेः</u> कुनै सार्वजनिक यातायात सेवा सञ्चालन गर्ने कुनै व्यक्ति वा संस्थालाई नेपाल सरकारले डाँक ढुवानी गर्न अनुरोध गरेमा त्यस्तो व्यक्ति वा संस्थाले पनि यात्रु वा मालसामानलाई भन्दा बढी प्राथमिकता दिई अनिवार्य रुपले त्यस्तो डाँक ढुवानी गर्नु पर्नेछ र सो ढुवानी गरे बापत सम्बन्धित व्यक्ति वा संस्थालाई मुनासिब माफिकको भाडा दिइनेछ ।

📖५ख. <u>घाट ठेक्का लिनेलाई डाँक निःशुल्क तार्न कबुलियत गराउनु पर्नेः</u> (१) प्रचलित नेपाल कानून बमोजिम घाट ठेक्का दिने अधिकार प्राप्त कार्यालय वा संस्थाले त्यस्तो ठेक्का दिंदा नेपाल सरकारबाट सञ्चालित हुलाक व्यवस्था सम्बन्धी डाँक निःशुल्क तार्नेछु भनी ठेक्का लिनेलाई कबुलियत गराउनु पर्नेछ ।

(२) यो ऐन प्रारम्भ हुनु भन्दा अघि भएका घाट ठेक्काहरुका सम्बन्धमा निःशुल्क डाँक तार्ने व्यवस्था गर्न नेपाल सरकारले ठेकेदारसँग छुट्टै व्यवस्था गर्न सक्नेछ ।

❒५ग. <u>समय तालिकामा बस्नु नपर्नेः</u> नेपाल सरकारबाट ढुवानी भाडा लिने गरी वा निःशुल्क रुपमा डाँक ढुवानी गर्न इजाजत पाएका सार्वजनिक यातायात सेवा सञ्चालन गर्ने व्यक्ति वा संस्थालाई हुलाक सेवा विभागले यातायात सेवा सञ्चालन गर्नु पर्ने समय तालिका तोकिदिएको अवस्थामा सोही बमोजिम सञ्चालन गर्नु पर्नेछ ।

❒५घ. <u>डाँक परिवहन गराउने विशेष दायित्वः</u> डाँक निर्धारित समय तालिका बमोजिम परिवहन गराउँदा कुनै कठिनाई आई परेमा आवश्यक सहयोग

---

📖 पहिलो संशोधनद्वारा थप ।

❒ दोस्रो संशोधनद्वारा थप ।

गर्नु सम्बन्धित αस्थानीय प्रशासन, प्रहरी तथा स्थानीय नगरपालिका वा ◎गाउँपालिकाको कर्तव्य हुनेछ ।

## परिच्छेद – ३

## हुलाक महसुल

६. आन्तरिक हुलाक महसुल तोक्ने अधिकारः (१) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी आन्तरिक हुलाकबाट पठाइने सबै प्रकारको हुलाक वस्तुहरुमा लाग्ने महसुल र अरु दस्तुर तोक्न सक्नेछ र त्यस्तो महसुल र दस्तुर असुल गर्दाको शर्त र बन्देजहरुको सम्बन्धमा नियमहरु बनाउन सक्नेछ ।

(२) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी के कस्तो वस्तुहरुलाई आन्तरिक हुलाकबाट पठाउन सकिन्छ भन्ने कुरा तोक्न सक्नेछ ।

७ हुलाक महसुल र अरु दस्तुरको भुक्तानी सम्बन्धी नियमहरु बनाउने अधिकारः नेपाल सरकारले नियमहरु बनाई देहायका कुराहरुको व्यवस्था गर्न सक्नेछः–

(क) के कस्तो आन्तरिक हुलाक वस्तुहरुमा अगावै हुलाक महसुल तिर्नु पर्ने र त्यसको तरिका बारे,

(ख) हुलाक महसुल अगावै नतिरेको वा नपुग गरी तिरेकोमा लाग्ने थप हुलाक महसुल,

(ग) हुलाक वस्तुहरु पठाउने कहाँ फिर्ता पठाउने र सो बापत लाग्ने थप दस्तुर,

(घ) हुलाक वस्तुहरु विशेष डाँकद्वारा पठाउँदा लाग्ने थप दस्तुर, र

α चौथो संशोधनद्वारा संशोधित ।

◎ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ द्वारा संशोधित ।

(ङ) हुलाक वस्तुहरु निर्धारित समय नघाई वा सार्वजनिक बिदाको दिन हुलाकबाट पठाउन लाग्ने विशेष दस्तुर ।

स्पष्टीकरण: विशेष डाँक भन्नाले विशेष हुलाकी वा विशेष सवारीबाट पठाइने डाँक सम्झनु पर्छ ।

*८. वैदेशिक हुलाक महसुल तोक्ने नेपाल सरकारको अधिकारः (१) हुलाक वस्तुहरु हुलाकबाट आदान प्रदान गर्ने सम्बन्धमा युनिभर्सल पोष्टल यूनियन (विश्व हुलाक सङ्घ) को सदस्य राष्ट्र वा अन्य कुनै विदेशी राष्ट्रसँग नेपाल सरकारको सम्झौता भएकोमा सोही सम्झौता बमोजिमको आधारमा र सम्झौता नभएकोमा सदस्य राष्ट्रको हकमा भए विश्व हुलाक सङ्घको कन्भेन्सनको आधारमा र सदस्य राष्ट्र नभएका अन्य कुनै विदेशी राष्ट्रका हकमा भए आपसी समझदारीको आधारमा हुलाक वस्तुहरु पठाउँदा लाग्ने हुलाक महसुल र अरु दस्तुरहरु नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोक्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम तोकेको महसुल र दस्तुर असुल गर्दाको शर्त बन्देजहरुको सम्बन्धमा नेपाल सरकारले नियमहरु बनाउन सक्नेछ ।

९. ठेगानावालाले तिर्नु पर्ने हुलाक महसुलः (१) हुलाक महसुल वा दस्तुर अगावै भुक्तानी नभएको वा नपुग भुक्तानी भएको हुलाक वस्तुको लाग्ने हुलाक महसुल वा अरु दस्तुर सो हुलाक वस्तुको डेलिभरी लिने ठेगानावालाले तिर्नु पर्छ । त्यस्तो हुलाक वस्तु नखोली फिर्ता गरेमा भने ठेगानावालाले तिर्नु पर्ने छैन ।

तर ठेगानावालालाई दुःख दिने खास बद्नियतले कुनै हुलाक वस्तुमा लाग्ने हुलाक महसुल वा अरु दस्तुर अगावै भुक्तानी नगरी वा नपुग भुक्तानी गरी पठाएको हो भन्ने नियन्त्रकलाई लागेमा निजले उक्त महसुल वा दस्तुर मिनाहा गर्न सक्नेछ ।

---

* पहिलो संशोधनद्वारा संशोधित ।

(२) ठेगानावालाले उक्त महसुल वा दस्तुर तिर्न इन्कार गरेमा वा हुलाक वस्तु नखोली फिर्ता गरेमा वा निजको मृत्यु भएमा वा निज फेला नपरेमा उक्त महसुल वा दस्तुर हुलाक वस्तु पठाउने व्यक्तिले तिर्नु पर्नेछ ।

१०. हुलाक महसुल वा अरु रकमहरु असुल गर्दाकोः हुलाक महसुल वा अरु दस्तुर बापत कुनै व्यक्ति उपर लागेको कुनै रकम निजले तिर्न इन्कार गरेमा हुलाक हाकिमले प्रचलित नेपाल कानून बमोजिम लागेको जरिबाना असुल गर्दाको कार्यप्रणाली र अधिकार प्रयोग गरी सो रकम असुल उपर गर्न सक्नेछ र त्यस्तो व्यक्तिले बाँकी रकम नतिरेसम्म निजको नाममा आएको सरकारी बाहेक अरु हुलाक वस्तुहरु डेलिभरी नगरी रोक्का राख्न सक्नेछ ।

११. हुलाक अड्डाले तिरेको भन्सार महसुल हुलाक महसुल सरह असुल गरिनेः नेपाल [2]............ बाहिरबाट हुलाकद्वारा प्राप्त हुन आएको कुनै हुलाक वस्तुमा लाग्ने भन्सार महसुल हुलाक अड्डाले तिरीसकेको रहेछ भने सो रकम हुलाक महसुल सरह सम्बन्धित व्यक्तिबाट असुल उपर गरिनेछ ।

१२. हुलाक अड्डाको छाप प्रमाण लाग्नेः (१) कुनै हुलाक वस्तु बापत यो ऐन अन्तर्गत असुल उपर गर्नु पर्ने भनी दावी गरिएको हुलाक महसुल वा अरु दस्तुर असुल उपर गर्ने कारबाहीमा,–

(क) त्यसको ठेगानावालाले बुझिलिन इन्कार गरेको वा निजको मृत्यु भएको वा निज फेला नपरेको भन्ने व्यहोरा जनाई त्यसमा हुलाक अड्डाको छाप समेत लगाई पेश गरिएकोमा लेखिए बमेजिमको व्यहोरा साँचो हो भन्ने प्रमाण लाग्नेछ ।

(ख) सो वस्तु जसले पठाएको भनी अनुमान लगाईएको छ, अन्यथा प्रमाणित नभएसम्म सोही मान्य हुनेछ ।

2 गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।

(२) कुनै हुलाक वस्तुमा लाग्ने हुलाक महसुल वा अरु दस्तुरको अङ्क जनाई त्यसमा हुलाक अड्डाको छाप समेत लगाईएकोमा लेखिए बमोजिमको व्यहोरा साँचो भन्ने प्रमाण लाग्नेछ ।

परिच्छेद –४

हुलाक टिकटहरु

१३. हुलाक टिकटहरुको व्यवस्था गर्ने र तत्सम्बन्धी नियमहरु बनाउने अधिकारः (१) यो ऐनको प्रयोजनको निमित्त आवश्यक विभिन्न प्रकार र मूल्यका हुलाक टिकटहरुको व्यवस्था गर्ने र प्रचलनमा ल्याउने सम्पूर्ण अधिकार नेपाल सरकारमा रहनेछ ।

*(२) उपदफा (१) को प्रयोजनको लागि नेपाल सरकारले खास गरेर देहायका कुराहरुको पनि व्यवस्था गर्न सक्नेछः–

(क) हुलाक टिकटको बिक्री दर तोक्ने,

(ख) हुलाक महसुल वा अरु दस्तुर चुक्ता गर्नको निमित्त हुलाक वस्तुको श्रेणी तोक्ने,

(ग) प्वाल परेका, च्यातिएका, विकृत भएका र त्यस्तै अरु टिकट प्रचलनमा ल्याउन नसकिने अवस्था तोक्ने,

(घ) हुलाक टिकटको जिम्मा, बिक्री वितरण र प्रयोग नियमित गर्ने,

(ङ) हुलाक टिकट बिक्री गर्न पाउने गैर सरकारी व्यक्ति र निजले बिक्री गर्दा पालन गर्नु पर्ने शर्त तथा बन्देजहरु तोक्ने,

(च) हुलाक टिकट बिक्री गर्ने गैर सरकारी व्यक्तिको कर्तव्य तथा पारिश्रमिक तोक्ने,

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

* पहिलो संशोधनद्वारा संशोधित ।

(छ) अन्तर्राष्ट्रिय जवाफीपत्र (कूपन) प्रचलनमा ल्याउने र त्यसको सटही दर तोक्ने,

(ज) संयुक्त राष्ट्र सङ्घबाट बिक्रीको लागि प्राप्त टिकटहरु बिक्री गर्ने ।

परिच्छेद –५

हुलाक वस्तुहरु चलान गर्दाको शर्तहरु

१४. दर्ता भएका समाचारपत्र, पत्रिकाको सम्बन्धमा नियमहरु बनाउने अधिकारः (१) समाचारपत्र, पत्रिकाहरुलाई दर्ता गरी आन्तरिक हुलाकबाट चलान गर्ने सम्बन्धमा र दर्ता गर्न लाग्ने दस्तुरको सम्बन्धमा नेपाल सरकारले नियमहरु बनाउन सक्नेछ ।

(२) दर्ता गर्ने प्रयोजनको लागि जम्मै वा अधिकांश भागमा विज्ञापन सहित वा रहित *सामयिक खबर र तत्सम्बन्धी अरु लेखहरु भएको देहाय बमोजिमको प्रत्येक प्रकाशनलाई समाचारपत्र पत्रिका मानिनेछः–

(क) ३२ दिन वा सो भन्दा कम अवधिमा क्रमशः प्रकाशित हुने, र

(ख) ग्राहकहरुको साँचो सूची भएको ।

(३) एउटै मितिमा अतिरिक्ताङ्क वा पूरक अङ्क गरी कुनै समाचारपत्र पत्रिकाको साथ साथै निकालिएको पत्रपत्रिकालाई पनि समाचारपत्र पत्रिका कै अङ्ग मानिनेछ ।

तर समाचारपत्र पत्रिकामा जस्तै जम्मै वा अधिकांश भाग विज्ञापन सहित वा रहित *सामयिक खबर र तत्सम्बन्धी अरु लेखहरु भएको र प्रत्येक पृष्ठको शिरमा समाचारपत्र पत्रिकाको नाम, मिति छापिएको नभै त्यस्तो अङ्कलाई समाचारपत्र पत्रिकाको अङ्क मानिने छैन ।

---

* पहिलो संशोधनद्वारा संशोधित ।



कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

व्याख्याः यो दफा वा यस दफा अन्तर्गत बनेका नियमहरुमा लेखिएको कुनै कुराले समाचारपत्र पत्रिकाहरुलाई आन्तरिक हुलाकबाट पठाउन बाध्य गरेको मानिने छैन ।

१५. हुलाक वस्तु पठाउनेलाई फिर्ता गर्नेः (१) हुलाकबाट चलान गर्दा कुनै हुलाक वस्तुलाई ठेगानावालाको मञ्जूरी बिना र तोकिए बमोजिमको अरु शर्तहरुको अधीनमा रही पठाउनेलाई फिर्ता गर्ने सम्बन्धी व्यवस्था नेपाल सरकारले नियमहरु बनाई गर्न सक्नेछ ।

(२) उपदफा (१) अन्तर्गत बनेका नियमहरुमा व्यवस्था गरिएमा बाहेक कसैले कुनै हुलाक वस्तुलाई हुलाकबाट पठाई सकेपछि फिर्ता माग्न पाउने छैन ।

१६. हुलाकबाट पठाउन नहुने वस्तुहरुः देहायका वस्तुहरु हुलाकबाट पठाउन निषेध गरिएको छः–

(क) विस्फोटक, खतरनाक, घिनलाग्दो, अस्वास्थ्यकर वा हानिकारक वस्तु, बचाउको प्रवन्ध नभएको तीखो धार वा चुच्चो भएको हतियार वा हुलाकबाट चलान हुँदा स्वभावतः अरु हुलाक वस्तुहरुलाई वा हुलाक अड्डाका कर्मचारीलाई हानि पुऱ्याउन सक्ने अरु चीज वस्तु वा जीवजन्तु,

(ख) अश्लिल, अपमानजनक, अशिष्ट, राजद्रोही, उत्तेजनात्मक वा शान्ति सुरक्षा खलबल्याउने शब्द, चिन्ह वा आकार भएको हुलाक वस्तु,

(ग) छापाखाना र प्रकाशन सम्बन्धी प्रचलित नेपाल कानूनले प्रकाशन गर्न मनाही गरेको पत्रपत्रिका, किताब वा अरु लिखत,

(घ) छापाखाना र प्रकाशन सम्बन्धी प्रचलित नेपाल कानूनको रीत नपुऱ्याई सम्पादन गरिएको, छापिएको वा प्रकाशित गरिएको समाचारपत्र, पत्रिका,

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

[📖](ङ) जुन मुलुकमा पठाइने हो त्यस्तो मुलुकले हुलाकबाट पठाउन निषेध गरिएको वस्तुहरु,

[✎](च) प्रचलित अरु नेपाल कानूनले वा यो ऐन अन्तर्गत बनेका नियमले हुलाकबाट पठाउन निषेध गरिएको हुलाक वस्तु ।

[❖]१६क. साधारण पत्रद्वारा पठाउन नहुने चीजहरुः कसैले पनि साधारण पत्रद्वारा नगद, चेक, ड्राफ्ट, हुण्डी वा त्यस्तै अन्य चीज वस्तु पठाउन हुँदैन । यसरी पठाउन नहुने चीज वस्तु कसैले साधारण पत्रबाट पठाउँदा त्यस्तो चीज वस्तु हानि नोक्सानी हुन गएमा हुलाक अड्डा त्यसको जवाफदेही हुने छैन ।

१७. हुलाक वस्तुहरु हुलाकबाट पठाउने सम्बन्धमा नियमहरु बनाउने अधिकारः [✱](१) हुलाक वस्तुहरु हुलाकबाट पठाउने वा डेलिभरी गर्ने सम्बन्धमा नेपाल सरकारले नियमहरु बनाउन सक्नेछ ।

(२) उपदफा (१) ले दिएको अधिकारको सर्वसामान्यतामा कुनै प्रतिकूल प्रभाव नपारी खास गरेर ती नियमहरुमा देहायका कुराहरुको व्यवस्था गर्न सकिनेछः–

(क) हुलाकबाट पठाउन नहुने वस्तुहरु,

(ख) हुलाकबाट वस्तुहरु पठाउन सकिने अवस्था,

(ग) यो ऐन बर्खिलाप हुलाकबाट पठाइएका वस्तुहरु रोक्का गरी राख्ने र त्यस्तो कारबाही टुङ्गो लगाउने,

(घ) हुलाक वस्तुहरु पोष्टिङ्ग वा डेलिभरी गर्दा भरपाई वा निस्सा लिने दिने र त्यसको भरपाई वा निस्सा बापत लाग्ने थप दस्तुर,

---

[📖] पहिलो संशोधनद्वारा थप ।

[✎] पहिलो संशोधनद्वारा साविको खण्ड (ङ) लाई खण्ड (च) गरिएको ।

[❖] चौथो संशोधनद्वारा थप ।

[✱] पहिलो संशोधनद्वारा संशोधित ।

*(ङ) हुलाक वस्तुहरुको खाम तथा खोल, त्यसको ढाँचा, नाप, अधिकतम तौल र खामिने वस्तुहरु नियमित गर्ने र ती हुलाक वस्तुहरुको प्रयोग नियमित गर्ने,

📖(च) हुलाक मञ्जूषा (पोष्ट बक्स) को व्यवस्था गर्ने र सो प्रयोग गरे बापत लाग्ने दस्तुर तोक्ने,

📖 (छ) बन्द थैला (पोष्ट व्याग) को सहुलियत प्रदान गर्ने र सो बापतको दस्तुर तोक्ने ।

❖(ज) आन्तरिक तथा वैदेशिक द्रुत डाँक सेवा सञ्चालन गर्ने ।

(३) हुलाक वस्तुहरु पोष्टिङ्ग गर्ने समय र तरिका महानिर्देशकले समय समयमा आदेशद्वारा तोकिदिए बमोजिम हुनेछ ।

⌘१८. भन्सार महसुल असुल गरी हुलाक वस्तु डेलिभरी गर्नेः (१) विदेशबाट प्राप्त भएको हुलाक वस्तुमा भन्सार महसुल लाग्ने कुनै वस्तु रहेको भन्ने शङ्का लागेमा हुलाक अड्डाले त्यस्तो हुलाक वस्तुको डेलिभरी रोक्का राख्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम रोक्का राखेको हुलाक वस्तु हुलाक हाकिमले स्थानीय भन्सार अधिकारीको रोहबरमा खोली भन्सार महसुल लाग्ने वस्तु फेला परेमा प्रचलित कानून बमोजिम लाग्ने भन्सार महसुल कायम गराई सो रकम हुलाकबाट डेलिभरी पाउने व्यक्ति वा स्थानीय भन्सार कार्यालयमा बुझाएको निस्सा पेश गरेपछि हुलाक वस्तु डेलिभरी दिनेछ ।

❖(२क) हुलाक हाकिम र स्थानीय भन्सार अधिकारीले रोक्का रहेको मालसामान प्रापकको रोहबरमा खोली भन्सार महसुल कायम गरिसकेपछि हुलाक अड्डाको विवरण खातामा समेत हस्ताक्षर गर्नु पर्नेछ ।

कानून तथा संसदीय मामिला मन्त्रालय

---

📖 पहिलो संशोधनद्वारा थप ।

❖ चौथो संशोधनद्वारा थप ।

⌘ दोस्रो संशोधनद्वारा संशोधित ।

(३) भन्सार महसुल लाग्ने हुलाक वस्तु डेलिभरी हुन नसकेमा वा प्रापकले डेलिभरी लिन नचाहेमा वा प्रेषकलाई फिर्ता पठाउनु नपर्ने भएमा वा प्रापकलाई सूचना दिएको पैंतालीस दिनसम्ममा पनि डेलिभरी लिन नआएमा हुलाक अड्डाले त्यस्ता हुलाक वस्तु लिलाम बिक्री गरी त्यसबाट प्राप्त रकम राजस्वमा आम्दानी बाँध्नेछ ।

✱१९. निकासी वा पैठारी गर्न मनाही भएका मालसामानको सम्बन्धमा कारबाही गर्ने: प्रचलित कानून बमोजिम नेपाल [2]........ बाहिर वा भित्र निकासी वा पैठारी गर्न मनाही भएको कुनै मालसामान हुलाकबाट निकासी पैठारी हुन लागेको छ भन्ने शङ्का लागेमा त्यस्ता मालसामान वा डाँक नै रोक्का राखी सो कुराको तलासी लिने वा लिन लगाउने अधिकार नेपाल सरकारबाट अधिकार प्राप्त अधिकारीलाई हुनेछ । तलासीबाट प्राप्त भएको निकासी वा पैठारी गर्न मनाही भएको त्यस्तो मालसामान आवश्यक कानूनी कारबाहीको लागि प्रचलित कानून बमोजिम अधिकार प्राप्त अधिकारी समक्ष बुझाई दिनु पर्नेछ ।

२०. सार्वजनिक हितका निमित्त प्रयोग गर्न पाउने अधिकार: (१) कुनै सार्वजनिक सङ्कटकालीन अवस्था आइपरेमा वा सार्वजनिक शान्ति सुरक्षाको निमित्त आवश्यक परेमा नेपाल सरकार वा सो कामको लागि नेपाल सरकारबाट अधिकार भएको कुनै अधिकृतले लिखित आदेश पठाई हुलाकबाट चलान गर्दाको अवस्थाको कुनै खास हुलाक वस्तु वा कुनै खास किसिमको हुलाक वस्तुलाई सोही आदेशमा तोकिए बमोजिम रोक्का गरी राख्न वा टुङ्गो लगाउन निर्देश दिन सक्नेछ ।

(२) कुनै सार्वजनिक सङ्कटकालिन अवस्था आईपरेको हो होइन वा उपदफा (१) अन्तर्गत गरिएको कुनै काम सार्वजनिक शान्ति सुरक्षाको निमित्त हो होइन भन्ने प्रश्न उठेमा तत्सम्बन्धमा नेपाल सरकारले गरिदिएको प्रमाणपत्रहरुलाई सवुत मानिनेछ ।

---

✱ दोस्रो संशोधनद्वारा संशोधित ।

2 गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।

२१. <u>नक्कली टिकट वा चलन गरिसकेको टिकट लागि आएका हुलाक वस्तुहरुमा कारबाही गर्ने अधिकारः</u> *(१) नक्कली टिकट वा चलन गरिसकेको टिकट लागेको कुनै हुलाक वस्तु हुलाकबाट प्राप्त हुन आएमा सम्बन्धित हुलाक हाकिमले म्याद तोकी सो म्याद भित्र आफै वा वारिस पठाई सो वस्तु लिन हुलाक अड्डामा हाजिर हुन आउनु भनी ठेगानावालाका नाउँमा लिखित सूचना पठाउनु पर्दछ ।

(२) म्यादभित्र हुलाक अड्डामा ठेगानावाला वा निजको प्रतिनिधि हाजिर भै नक्कली टिकट वा चलन गरिसकेको टिकट लागेको र पठाउनेको नाम र ठेगाना जनाएको जति हिस्सा हुलाक हाकिमलाई बुझाई दिन मञ्जूर गरेमा सो हुलाक वस्तु ठेगानावाला वा निजको प्रतिनिधिलाई डेलिभरी गरिदिनु पर्छ ।

(३) म्यादभित्र ठेगानावाला वा निजको प्रतिनिधि हाजिर नभएमा वा हाजिर भए तापनि उपदफा (२) बमोजिम चाहिएको हुलाक वस्तुको सम्बन्धित भाग बुझाई दिन मञ्जूर नगरेमा त्यस्तो हुलाक वस्तुलाई ठेगानावाला वा निजको प्रतिनिधिलाई डेलिभरी नगरी महानिर्देशकले तोकिदिएको तरिकाले टुङ्गो लगाइनेछ ।

<u>स्पष्टीकरणः</u> यस दफाको प्रयोजनको निमित्त "हुलाक टिकट" भन्नाले विदेशी मुलुकको हुलाक टिकटलाई समेत जनाउँछ ।

२२. <u>समाचारपत्र, पत्रिका र अरु वस्तुहरु रोक्का गर्ने अधिकारः</u> (१) हुलाकबाट पठाउन दफा १६ ले मनाही गरेको भन्ने शङ्का लागेको कुनै समाचारपत्र, पत्रिका, किताब वा अरु लिखतलाई हुलाकबाट चलान गर्दाको अवस्थामा रोक्का गर्ने अधिकार α<u>सम्बन्धित हुलाक हाकिमलाई</u> हुनेछ ।

(२) α<u>सम्बन्धित हुलाक हाकिमले</u> उपदफा (१) अन्तर्गत रोक्का गरिएको हुलाक वस्तुलाई नेपाल सरकारबाट तोकिएको सम्बन्धित

---

* पहिलो संशोधनद्वारा संशोधित ।

α चौथो संशोधनद्वारा संशोधित ।

अधिकृत छेउ बुझाई दिनु पर्दछ र रोक्का गरिएको कुराको सूचना अधिकृतले ठेगानावालालाई दिनु पर्छ ।

(३) [α]नेपाल सरकारबाट अधिकार प्राप्त अधिकृतले जाँची हेर्दा लेखिए बमोजिम मनाही भएको कुनै समाचारपत्र, पत्रिका, किताब वा अरु लिखत भएको भन्ने लागेमा आफूले उचित देखे बमोजिमको आदेश दिन सक्नेछ र त्यस्तो कुनै कुरा भएको भन्ने नलागेमा र तत्काल प्रचलित अरु नेपाल कानून बमोजिम पनि कब्जा गर्नु पर्ने नभएमा त्यस्तो हुलाक वस्तुलाई फुकुवा गरिदिनेछ ।

तर–

(क) त्यसरी रोक्का भएको हुलाक वस्तुसँग सरोकार भएको कुनै व्यक्तिले रोक्का भएको मितिले २ महिनाभित्र सो वस्तु फुकुवा गरी पाउँ भन्ने [α]नेपाल सरकारबाट अधिकार प्राप्त अधिकृत समक्ष निवेदनपत्र दिन सक्नेछ र सो अधिकृतले त्यस्तो निवेदनपत्र उपर विचार गरी आफूले उचित देखेको आदेश दिन सक्नेछ ।

(ख) रोक्का गरिएको हुलाक वस्तु फुकुवा गरी पाउँ भन्ने कुनै निवेदन अस्वीकृत भएमा निवेदकले अस्वीकृतको आदेशको सूचना पाएका मितिले २ महिनाभित्र हुलाक वस्तु फुकुवा गराई पाउँ भनी [◉]जिल्ला अदालतमा निवेदन दिन सक्नेछ र [◉]जिल्ला अदालतमा निवेदन दिंदा रोक्का भएको हुलाक वस्तुमा दफा १६ ले मनाही भएको समाचारपत्र, पत्रिका, किताब वा अरु लिखत थिएन भन्ने कुराको आधार लिएको हुनु पर्छ ।

---

α चौथो संशोधनद्वारा संशोधित ।

◉ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ द्वारा संशोधित ।



कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

२३. ⌦...................

२४. अधिकार क्षेत्रमा प्रतिबन्धः दफा २२ अन्तर्गत दिइएको कुनै आदेश वा गरिएको कुनै कारबाहीको सम्बन्धमा सो दफाको उपदफा (३) को प्रतिबन्धात्मक वाक्यांश (ख) बमोजिम बाहेक कुनै अदालतमा प्रश्न उठाउन सकिने छैन ।

परिच्छेद – ६

रजिष्टरी, बिमा र मूल्यदेय हुलाक

२५. हुलाक वस्तुहरुको रजिष्टरीः हुलाकबाट हुलाक वस्तु पठाउनेले यो ऐनको अरु दफाहरुमा लेखिएका कुराहरुको अधीनमा रही सो हुलाक वस्तुलाई रजिष्टर गराउन सक्नेछ र त्यसको रसिद लिन सक्नेछ । साधारण हुलाकबाट पठाउँदा लाग्ने हुलाक महसुल माथि रजिष्टरी बापत लाग्ने अरु थप दस्तुर नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोक्न सक्नेछ ।

२६. रजिष्टरीको सम्बन्धमा नियमहरु बनाउने अधिकारः (१) हुलाक वस्तुहरुको रजिष्टरी सम्बन्धमा नेपाल सरकारले नियमहरु बनाउन सक्नेछ ।

(२) उपदफा (१) ले दिएको अधिकारको सर्वसामान्यतामा कुनै प्रतिकूल प्रभाव नपारी खास गरेर ती नियमहरुमा देहायका कुराहरुको व्यवस्था गर्न सकिनेछः–

(क) रजिष्टरी गर्नु पर्ने कुराहरु,

(ख) रजिष्टरीको निमित्त लाग्ने दस्तुर तिर्ने तरिका, र

(ग) रजिष्टरी गर्नु पर्ने तर लाग्ने दस्तुर अगावै नतिरी पोष्टिङ्ग गरिएको हुलाक वस्तुलाई ठेगानावालालाई डेलिभरी गर्दा वा पठाउनेलाई फिर्ता डेलिभरी गर्दा दोब्बर दस्तुर लाग्ने ।

---

⌦ न्याय प्रशासन सुधार (पहिलो संशोधन) ऐन, २०३३ द्वारा खारेज ।

📖(घ) हराएको रजिष्टरीको खोजतलास गर्ने तरिका र सो हराए बापत दिइने क्षतिपूर्तिको रकम ।

(३) रजिष्टरीको निमित्त पोष्टिङ्ग भएका हुलाक वस्तुहरुलाई रजिष्टरी गरिएपछि महानिर्देशकले समय समयमा आदेश जारी गरी तोकिदिएको समयमा र तरिका अनुसार ठेगानावालालाई डेलिभरी गरिनेछ वा पठाउनेलाई फिर्ता डेलिभरी गरिनेछ ।

२७. <u>हुलाक वस्तुहरुको बिमा:</u> नेपाल सरकारले समय समयमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी देहायका कुराहरुको निर्देश दिन सक्नेछः–

(क) हुलाक वस्तु हुलाकबाट चलान गर्दाको अवस्थामा हराउने वा नोक्सान हुने खतराबाट बचाउनको निमित्त सम्बन्धित हुलाक अड्डामा यो ऐनको अरु दफाहरुमा लेखिएको कुराहरुको अधीनमा रही बिमा गराउने र त्यसको रसीद पोष्टिङ्ग गर्ने व्यक्तिलाई हुलाक अड्डाबाट दिने, र

(ख) बिमा बापत सोही सूचनामा तोकिए बमोजिमको थप दस्तुर लाग्ने ।

२८. <u>हुलाक वस्तुहरुको बिमा अनिवार्य गराउने अधिकार:</u> नेपाल सरकारले समय समयमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी सोही सूचनामा तोकिएका हुलाक वस्तुहरुको बिमा अनिवार्य गराउन सक्नेछ र बिमा गर्न अनिवार्य भएको हुलाक वस्तु बिमा नगरी पोष्टिङ्ग गरिएमा सोही सूचनामा तोकिएको विशेष दस्तुर लिई मात्र ठेगानावालालाई डेलिभरी गर्ने वा पठाउनेलाई फिर्ता डेलिभरी गर्ने गरी निर्देश दिन सक्नेछ ।

तर सो बमोजिम दस्तुर लिएको कारणले त्यस्ता हुलाक वस्तुको सम्बन्धमा नेपाल सरकारले कुनै दायित्व व्यहोर्नु पर्ने छैन ।

२९. <u>बिमा सम्बन्धी नियमहरु बनाउने अधिकार:</u> (१) नेपाल सरकारले बिमा सम्बन्धी नियमहरु बनाउन सक्नेछ ।

---

📖 पहिलो संशोधनद्वारा थप ।

(२) उपदफा (१) ले दिएको अधिकारको सर्वसामान्यतामा कुनै प्रतिकूल प्रभाव नपारी खास गरेर ती नियमहरुमा देहायका कुराहरुको व्यवस्था गर्न सकिनेछः–

(क) दफा २७ अन्तर्गत बिमा गराउन सकिने हुलाक वस्तुहरुको किसिम,

(ख) बिमा गराउन सकिने रकमको हद अङ्क,

(ग) बिमा दस्तुर तिर्ने तरिका, र

(घ) बिमा गरिएका हुलाक वस्तुहरुको क्षतिपूर्ति दिने ।

(३) बिमाको निमित्त हुलाक अड्डामा दाखिल भएका हुलाक वस्तुहरुलाई बिमा गरिसकेपछि, महानिर्देशकले समय समयमा आदेश जारी गरी तोकिदिएको स्थान र समयमा तोकिदिएको तरिका अनुसार डेलिभरी तथा दर्ता गरिनेछ ।

३०. बिमा गरिएको हुलाक वस्तुहरुको सम्बन्धमा नेपाल सरकारको दायित्वः तोकिएका शर्त र बन्देजहरुको अधीनमा रही बिमा गरिएको हुलाक वस्तुमा वा त्यसभित्रको कुनै चीज वस्तु हुलाकबाट चलान गर्दाको अवस्थामा हराएमा वा नोक्सान भएमा सो हुलाक वस्तु जती रकममा बिमा गराएको छ सो अङ्कमा नबढाई त्यतिसम्म क्षतिपूर्ति पठाउनेलाई दिने दिलाउने दायित्व नेपाल सरकारको हुनेछ ।

तर कुनै हालतमा पनि हराएको वा नोक्सान भएको वस्तुको वास्तविक मूल्य भन्दा बढी क्षतिपूर्ति दिनु पर्ने छैन ।

३१. मूल्यदेय हुलाकवस्तुहरु हुलाकबाट चलान गर्दाकोः नेपाल सरकारले समय समयमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी देहाय बमोजिमको व्यवस्था गर्न सक्नेछः–

(क) यो ऐनका अरु दफाहरुमा लेखिएका कुराहरुको अधीनमा रही हुलाकबाट हुलाक वस्तु पठाउनेले सो वस्तुमा जति रकम लेखिदिएको छ त्यति रकम ठेगानावालाबाट असुल

उपर गरी हुलाक वस्तु डेलिभरी गर्ने र असुल भएको रकम हुलाक वस्तु पठाउनेलाई बुझाउने, र

(ख) सो बापत हुलाक वस्तु पठाउनेले तिर्नु पर्ने दस्तुर,

तर मूल्यदेय वस्तुको रकम ठेगानावालाबाट असुल उपर नभएमा नेपाल सरकारले कुनै दायित्व व्यहोर्नु पर्ने छैन । यस दफा बमोजिम पठाइएका हुलाक वस्तुलाई मूल्यदेय हुलाक वस्तु भनिनेछ ।

३२. <u>मूल्यदेय हुलाक वस्तुहरुको सम्बन्धमा नियमहरु बनाउने अधिकारः</u> (१) मूल्यदेय हुलाक वस्तुहरु हुलाकबाट चलान गर्ने सम्बन्धमा नेपाल सरकारले नियमहरु बनाउन सक्नेछ ।

(२) उपदफा (१) ले दिएको अधिकारको सर्वसामान्यतामा कुनै प्रतिकूल प्रभाव नपारी खास गरेर ती नियमहरुमा देहायका कुराहरुको व्यवस्था गर्न सकिनेछः–

(क) मूल्यदेय गरी पठाउन सकिने हुलाक वस्तुहरुको किसिम,

(ख) पाएको सच्चा (बोनाफाइड) आदेश बमोजिम पठाउन लागेको हो भनी पठाउनेले घोषित नगरेसम्म कुनै हुलाक वस्तु मूल्यदेय गरी पठाउन नदिने,

(ग) मूल्यदेय हुलाक वस्तु डेलिभरी गरी असुल गरिने मूल्यको हद अङ्क,

(घ) मूल्यदेय हुलाक वस्तु पठाउनेले भर्नु पर्ने विवरणपत्रको ढाँचा र दस्तुर तिर्ने समय र तरिका,

(ङ) कुनै मूल्यदेय हुलाक वस्तु डेलिभरी गरी असुल उपर भएको रकममा कुनै जालसाजी भएमा सो रकम ठेगानावालालाई फिर्ता गर्ने व्यवस्था, र

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(च) मूल्यदेय हुलाक वस्तुहरु डेलिभरी गर्ने वा त्यसको मूल्य तिर्ने सम्बन्धमा परेका उजूरीहरुको जाँचबुझको निमित्त लाग्ने दस्तुर तोक्ने ।

(३) हुलाक वस्तु मूल्यदेय गरी पठाउन पोष्टिङ्ग गर्न सकिने हुलाक अड्डाको नाम, समय र अपनाउनु पर्ने तरिका र मूल्यदेय हुलाक वस्तुहरुलाई डेलिभरी गर्ने हुलाक अड्डाको नाम, समय र तरिका महानिर्देशकले समय समयमा आदेश जारी गरी तोकिदिए बमोजिम हुनेछ ।

(४) यस दफाको उपदफा (२) को खण्ड (ङ) अन्तर्गत बनेको कुनै नियम बमोजिम गरेको वा सो बमोजिम भनी सम्झी असल नियतले गरेको कुनै काम कार्यको सम्बन्धमा नेपाल सरकार वा हुलाक अड्डाको कुनै कर्मचारी उपर कुनै नालेस उजूर वा कानूनी कारबाही चल्ने छैन ।

३३. अरु राष्ट्रसँग भएको व्यवस्थालाई लागू गर्ने अधिकारः (१) हुलाक वस्तुहरुलाई साधारण हुलाकबाट वा रजिष्टरी गरी वा बिमा गरी वा मूल्यदेय गरी हुलाक मार्फत आदान प्रदान गर्ने सम्बन्धमा नेपाल [2]………. र अरु विदेशी राष्ट्रको बीचमा भएको व्यवस्था वा यूनिभर्सल पोष्टल यूनियन (विश्व हुलाक सङ्घ) को कन्भेन्सनलाई लागू गर्न नेपाल सरकारले नियमहरु बनाउन सक्नेछ ।

(२) उपदफा (१) ले दिएको अधिकारको सर्वसामान्यतामा कुनै प्रतिकूल प्रभाव नपारी खास गरेर ती नियमहरुमा देहायका कुराहरुको व्यवस्था गर्न सकिनेछः–

(क) उपदफा (१) मा लेखिए बमोजिमका हुलाक वस्तुहरु पठाउनेले पोष्टिङ्ग गर्दा तथा ठेगानावालाले डेलिभरी लिंदा भर्नु पर्ने विवरणपत्रको ढाँचा र अपनाउनु पर्ने तरिका, र

2 गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।

(ख) उपदफा (१) मा लेखिए बमोजिमका हुलाक वस्तुहरु पठाउन लाग्ने दस्तुर ।

परिच्छेद–७

डेलिभरी गर्न नसकेका हुलाक वस्तुहरु

३४. डेलिभरी गर्न नसकेका हुलाक वस्तुहरु फर्छ्याउने सम्बन्धमा नियमहरु बनाउने अधिकार: (१) कुनै कारण परी डेलिभरी गर्न नसकेका हुलाक वस्तुहरुलाई फर्छ्याउने सम्बन्धमा नेपाल सरकारले नियमहरु बनाउन सक्नेछ ।

(२) उपदफा (१) ले दिएको अधिकारको सर्वसामान्यतामा कुनै प्रतिकूल प्रभाव नपारी खास गरेर ती नियमहरुमा देहायका कुराहरुको व्यवस्था गर्न सकिनेछः–

(क) हुलाक अड्डाबाट डेलिभरी गर्न नसकेका हुलाक वस्तुहरुलाई सोही अड्डामा राखी छोड्ने अवधि, र

(ख) डेलिभरी गर्न नसकेका हुलाक वस्तुहरुको सूची प्रकाशित गर्ने ।

(३) डेलिभरी गर्न नसकेका हुलाक वस्तुलाई यस दफाको उपदफा (२) को खण्ड (क) अन्तर्गत बनेका नियमहरुले तोकिदिएको अवधिसम्म हुलाक अड्डामा राखी सकेपछि फिर्ता चिठ्ठी फाँटमा चलान गरी पठाइनेछ ।

३५. फिर्ता चिठ्ठी फाँटमा पठाएका डेलिभरी गर्न नसकेका हुलाक वस्तुहरुलाई फर्छ्याउने: (१) दफा ३४ को उपदफा (३) बमोजिम फिर्ता चिठ्ठी फाँटमा पठाइएको हुलाक वस्तुमा देहाय बमोजिम गरिनेछः–

(क) हुन सकेमा ठेगानावाला कहाँ हुलाकबाट पुनः चलान गरी पठाउने, वा

(ख) सो बमोजिम पठाउन नसकिने भएमा सो फाँटको सम्बन्धित कर्मचारीले गोप्य रुपबाट हुलाक वस्तु खोली पठाउनेको नाम र ठेगाना हेरी पुनः बन्द गर्ने ।

(२) पठाउनेको नाम र ठेगाना पत्ता लागेमा सो हुलाक वस्तुलाई कुनै थप महसुल वा दस्तुर नलिई वा नेपाल सरकारले नियमहरु बनाई तोकिदिएको महसुल वा दस्तुर लिई पठाउने कहाँ हुलाकबाट फिर्ता पठाइनेछ ।

३६. डेलिभरी गर्न नसकेका हुलाक वस्तुहरुलाई अन्तिम रुपबाट फर्छ्याउने: दफा ३४ र दफा ३५ अन्तर्गत फर्छ्याउन नसकेका हुलाक वस्तुहरुलाई नेपाल सरकारले नियमहरु बनाई कुनै अवधि तोकिदिएको भए सो अवधिसम्म फिर्ता चिट्ठी फाँटमा राखी छाडिनेछ र सोही नियमहरु अनुसार अरु कारबाही गरिनेछ ।

*तर,–

(क) त्यसरी बुझाउन नसकेका हुलाक वस्तुमा चिट्ठी भए नष्ट गर्ने र अरु हुलाक वस्तुको हकमा सडी गली नजाने किसिमको बिक्री योग्य चीज वस्तु वा नगद रकम भए त्यस्तो चीज वस्तु वा नगद रकमलाई एक वर्षको अवधिसम्म फिर्ता चिट्ठी फाँटमा राखी छोडिनेछ र सो अवधिसम्म कसैले आफ्नो हक देखाउन नसकेमा नगद रकम भए नगदै र बिक्री योग्य चीज वस्तु भए बढाबढीमा बिक्री गरी आएको नगद रकमलाई नेपाल सरकारको सर्वसञ्चित कोषमा दाखिल गरिनेछ ।

(ख) वैदेशिक हुलाक वस्तु भए जुन राष्ट्रबाट त्यस्तो हुलाक वस्तु प्राप्त हुन आएको हो त्यस्तो राष्ट्रसँग नेपाल सरकारको कुनै सम्झौता भएमा सोही सम्झौता बमोजिम र

---

* पहिलो संशोधनद्वारा संशोधित ।



कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

त्यस्तो सम्झौता नभएमा युनिभर्सल पोष्टल यूनियन (विश्व हुलाक सङ्घ) को कन्भेन्सन अनुसार फर्छ्याउन पर्छ ।

## परिच्छेद–८

## धनादेश (मनी अर्डर)

३७. <u>धनादेशको व्यवस्था गर्ने र तत्सम्बन्धी नियमहरु बनाउने अधिकारः</u> (१) नेपाल सरकारले धनादेशको व्यवस्थाबाट हुलाक अड्डाहरु मार्फत साना–साना रकमहरु आदान प्रदान हुने व्यवस्था गर्न र तत्सम्बन्धी नियमहरु बनाउन सक्नेछ ।

(२) उपदफा (१) ले दिएको अधिकारको सर्वसामान्यतामा कुनै प्रतिकूल प्रभाव नपारी खास गरेर ती नियमहरुमा देहायका कुराहरुको व्यवस्था गर्न सकिनेछः–

(क) धनादेशबाट आदान प्रदान गर्न सकिने रकमको हद अङ्क,

(ख) धनादेश चालू रहने अवधि, र

(ग) धनादेश वा तत्सम्बन्धी अरु कुराहरु बापत लाग्ने कमिशन वा महसुलको दर ।

❒३७क. <u>धनादेश सञ्चालन कोषः</u> (१) नेपाल सरकारले धनादेश रकमको भुक्तानी दिने प्रयोजनको लागि धनादेश सञ्चालन कोष (रिभल्भिङ फण्ड) स्थापना गर्न सक्नेछ ।

(२) धनादेश सञ्चालन कोषमा नेपाल सरकारले जम्मा गरिदिएको रकम र अन्य तोकिए बमोजिमका रकमहरु रहनेछन् ।

(३) धनादेश सञ्चालन कोषको सञ्चालन कार्यविधि तोकिए बमोजिम हुनेछ ।

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

---

❒ दोस्रो संशोधनद्वारा थप ।

३८. धनादेश पठाउनेले सो आदेश बमोजिमको रकम फिर्ता माग्न र सो रकम पाउनेको नाम बदल्न सक्ने: (१) दफा ३७ अन्तर्गत बनेका नियमहरुमा थप कमिशन वा महसुल असुल गर्ने सम्बन्धमा तोकिएको शर्तहरुका अधीनमा रही धनादेशबाट हुलाक अड्डा मार्फत रकम पठाउने व्यक्तिले सो रकम आदेशमा तोकिएको व्यक्तिलाई भुक्तानी गर्न नसकिएमा आफूलाई नै फिर्ता भुक्तानी गराउन वा आफ्नो निर्देश बमोजिम अर्कै व्यक्तिलाई भुक्तानी गराउन सक्नेछ ।

(२) धनादेश बमोजिम रकम पाउने र धनादेश पठाउने दुवै फेला नपरेमा र धनादेश पठाइएको मितिले १ वर्षको अवधिसम्ममा पनि पठाउने र पाउने कसैले पनि दावी नगरेमा सो अवधि नाघेपछि सो रकम बापत नेपाल सरकारमा कुनै दावी लाग्ने छैन ।

*३९. हुलाक आदेशको व्यवस्था गर्ने अधिकार: (१) नेपाल सरकारले समय समयमा तोकेका रकम हुलाकद्वारा आदान प्रदान गर्न सक्ने गरी उपयुक्त देखेको ढाँचाको हुलाक आदेश प्रचलनमा ल्याउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रचलनमा ल्याइएका हुलाक आदेश पठाउँदा, बिक्री गर्दा खारेज गर्दा वा त्यसको भुक्तानी गर्दा लाग्ने कमिशनको दर, अपनाउनु पर्ने तरिका र पालन गर्नु पर्ने अन्य शर्त बन्देजहरुको सम्बन्धमा नेपाल सरकारले नियम बनाउन सक्नेछ ।

(३) हुलाक आदेश बिक्री गर्ने र भुक्तानी दिने हुलाक अड्डाको नाम समय समयमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी महानिर्देशकले तोक्नेछ ।

४०. विदेशी राष्ट्रसँग भएको व्यवस्थालाई लागू गर्ने अधिकार: (१) नेपाल [2]......... र अरु विदेशी राष्ट्रहरुको बीचमा हुलाक अड्डा मार्फत धनादेशहरु पठाउने र त्यसको भुक्तानी गर्ने सम्बन्धमा भएको व्यवस्थालाई लागू गर्न नेपाल सरकारले नियमहरु बनाउन सक्नेछ ।

---

* पहिलो संशोधनद्वारा संशोधित ।

2 गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।

(२) उपदफा (१) ले दिएको अधिकारको सर्वसामान्यतामा कुनै प्रतिकूल प्रभाव नपारी खास गरेर ती नियमहरुमा देहायका कुराहरुको व्यवस्था गर्न सकिनेछः–

(क) नेपाल 2......... बाट त्यस्तो आदेशहरु पठाउँदा र नेपाल 2......... मा त्यस्तो आदेशको भुक्तानी गर्दा अपनाउनु पर्ने तरिका र पालन गर्नु पर्ने शर्तहरु, र

(ख) सो बापत लाग्ने कमिशनको दर ।

४१. <u>गलत व्यक्तिलाई धनादेशको भुक्तानी भएमा गर्ने:</u> कुनै व्यक्तिलाई धनादेश बमोजिमको भुक्तानी गर्नु पर्ने भन्दा बढी रकम हुलाक अड्डाका कर्मचारीबाट भुक्तानी गरिएकोमा सो बढी भुक्तानी भएको जति रकम निजले कुनै मनासिब कारण बिना फिर्ता नगरेमा वा फिर्ता गर्न इन्कार गरेमा वा कुनै धनादेश बमोजिम कुनै व्यक्तिलाई भुक्तानी गर्नु पर्ने रकम अर्कै व्यक्तिलाई हुलाक अड्डाका कर्मचारीबाट भुक्तानी गरिएकोमा गल्तीले भुक्तानी भएको रकम निजले कुनै मनासिब कारण बिना फिर्ता नगरेमा वा गर्न इन्कार गरेमा महानिर्देशकबाट अधिकार पाएको हुलाक अड्डाको कर्मचारीले त्यस्तो फिर्ता लिनु पर्ने रकम त्यस्ता व्यक्तिबाट सरकारी मालपोत बाँकी सरहको कारबाही गरी असुल उपर गर्नु पर्छ । त्यस्तो रकम फिर्ता गर्नु नपर्ने कुनै मनासिब माफिकको कारण भएमा सम्बन्धित व्यक्तिले नै सो कारण पेश गर्न र प्रमाणित गर्न सक्नु पर्छ ।

४२. <u>धनादेश सम्बन्धी दायित्वबाट बचाउ:</u> देहायको काम कुरामा नेपाल सरकार उपर वा हुलाक अड्डाका कुनै कर्मचारी उपर कुनै नालेस, उजूर लाग्न वा कानूनी कारबाही चल्न सक्ने छैनः–

(क) यस परिच्छेद अन्तर्गत बनेका कुनै नियम अन्तर्गत गरेको कुनै काम कुरा, वा

(ख) धनादेश पठाउने व्यक्तिले धनादेशको रकम भुक्तानी पाउने व्यक्तिको नाम वा ठेगाना दिंदा गलत वा अपूरो गरिदिएको कारणले गलत भुक्तानी हुन गएकोमा,

तर धनादेशको रकम भुक्तानी पाउने व्यक्तिको परिचय थाहा हुन चाहिने पर्याप्त विवरण प्राप्त भएको छ भन्ने विश्वास गर्न सकिने मनासिब माफिकको कारण भै त्यस्तो अपूरो नाम वा ठेगाना स्वीकार गरिएको भए मात्र त्यसरी नाम वा ठेगाना अपूरो गरी दिएको कारणले गलत भुक्तानी हुन गएकोमा नालेस, उजूर वा कानूनी कारबाहीबाट सम्बन्धित हुलाक अड्डाको कर्मचारीले छुटकारा पाउनेछ, वा

(ग) हुलाक अड्डाको कर्मचारीको जानाजान जालसाजी वा गफलत नभै अरु साधारण आकस्मिक भुलचुकको कारण कुनै धनादेशको रकम भुक्तानी गर्न इन्कार गरिएको वा ढिलाई भएकोमा, वा

(घ) धनादेश पठाइएको मितिले १ वर्षको अवधि नाघेपछि त्यसको गलत भुक्तानी हुन गएकोमा, वा

(ङ) नेपाल सरकार अधीनको बाहेक अरु कुनै हुलाक अड्डाको कुनै कर्मचारीले नेपाल [2]......... बाहिर कुनै धनादेशको गलत भुक्तानी गरेको वा ढिलो भुक्तानी गरेकोमा ।

📖परिच्छेद–८क.

बचत बैङ्क सम्बन्धी व्यवस्था

४२क. बचत बैङ्कको काम गर्न पाउने हुलाक अड्डाः सानातिना रकम जम्मा गर्न चाहने व्यक्तिलाई बैङ्किङ्ग सुविधा प्रदान गर्ने काम सञ्चालन गर्नको लागि नेपाल सरकारले कुनै हुलाक अड्डालाई तोक्नेछ ।

2 गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।

📖 पहिलो संशोधनद्वारा थप ।



कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

४२ख. बचत बैङ्क सम्बन्धी नियम बनाउने अधिकारः (१) दफा ४२क. को प्रयोजनको लागि अर्थ मन्त्रालय र नेपाल राष्ट्र बैङ्कको परामर्श लिई नेपाल सरकारले नियमहरु बनाउन सक्नेछ ।

(२) उपदफा (१) को सर्वसामान्यतामा कुनै प्रतिकूल प्रभाव नपारी ती नियमहरुमा खासगरी देहायका कुराहरुको व्यवस्था गर्न सकिनेछः–

(क) बचत बैङ्कमा राख्न सकिने अधिकतम र न्यूनतम रकमको हद,

(ख) बचत बैङ्कमा रकम जम्मा गरे बापत दिइने ब्याजको दर,

(ग) नाबालक, अविवाहिता वा विधवा स्त्रीलाई बचत बैङ्कको सुविधा दिंदा अपनाउनु पर्ने तरिका तथा कार्यविधि,

(घ) अप्रचलित खाता र खाता स्थानान्तरणको व्यवस्था,

(ङ) बचत बैङ्क सम्बन्धी अन्य व्यवस्थाहरु ।

## परिच्छेद – ९

## सजाय र कार्य प्रणाली

४३. डाँक थैला वा हुलाक वस्तुहरु ओसार्ने वा डेलिभरी गर्ने काममा लगाइएका व्यक्तिहरुले खराब आचरण गरेमा सजायः हुलाकबाट चलान गर्दाको अवस्थामा डाँक थैला वा हुलाक वस्तु ओसार्ने वा डेलिभरी गर्ने काममा लगाइएको व्यक्तिले देहायको कसूर गरेमा निजलाई ✻एक हजार रुपैयाँसम्म जरिबाना हुनेछः–

(क) काममा लगाइएको बखत मादक पदार्थले बेसूर भई बसेमा, वा

---

✻ दोस्रो संशोधनद्वारा संशोधित ।

(ख) डाँक थैला वा हुलाक वस्तुको सुरक्षा खतरामा पर्ने गरी हेलचक्राई वा अरु खराब आचरण गरेमा, वा

(ग) डाँक थैला वा हुलाक वस्तु ओसार्ने वा डेलिभरी गर्ने काममा ढिलो गरेमा वा ढिलो हुने गरी यताउता घुमफिर गरेमा, वा

(घ) डाँक थैला वा हुलाक वस्तु सुरक्षित गरी ओसार्न वा डेलिभरी गर्न मनासिब माफिक ध्यान नदिएमा र मेहनत नगरेमा ।

४४. डाँक थैला वा हुलाक वस्तुहरु ओसार्ने वा डेलिभरी गर्ने काममा लगाइएका व्यक्तिले अनुमति नलिई वा सूचना नदिई आफुखुशी आफ्नो काम छोडेमा सजायः हुलाकबाट चलान गर्दाको अवस्थामा डाँक थैला वा हुलाक वस्तु ओसार्ने वा डेलिभरी गर्ने काममा लगाइएको व्यक्तिले अनुमति नलिई वा १ महिनाको पूर्व सूचना नदिई आफु खुशी आफ्नो अड्डाको काम छोडेमा निजलाई ✂एक हजार रुपैयाँसम्म जरिबाना हुनेछ ।

४५. हुलाक वस्तुहरु ओसार्ने वा डेलिभरी गर्ने काममा लगाईएको व्यक्तिले झुट्टा कुरा दर्ता गरेमा सजायः हुलाकबाट चलान गर्दाको अवस्थामा हुलाक वस्तु ओसार्ने वा डेलिभरी गर्ने काममा लगाइएको र सो काम दर्ता किताब खडा गरी राख्नु पर्ने गरी कर्तव्य तोकिएको व्यक्तिले नगएको ठाउँमा गएको वा डेलिभरी नगरेको हुलाक वस्तु डेलिभरी गरेको भन्ने कुरा विश्वास परोस भन्ने मनसायले दर्ता किताबमा कुनै झुट्टा कुरा दर्ता गरेमा वा गराएमा निजलाई ✂एक हजार रुपैयाँसम्म जरिबाना हुनेछ ।

४६. हुलाक वस्तुहरु चोरी गर्ने, हिनामिना गर्ने, दबाउने, नष्ट गर्ने वा फ्याँक्ने इत्यादी काम गरेमा सजायः ✂(१) हुलाक अड्डाको कर्मचारी वा डाँक परिवहनको काममा लागेका व्यक्ति वा संस्था वा अरु कसैले हुलाकबाट चलान गर्दाको अवस्थामा डाँक थैला वा हुलाक वस्तु वा त्यसमा रहेका

---

✂ दोस्रो संशोधनद्वारा संशोधित ।

चीज वस्तु चोरी गरेमा, झिकेमा, फ्याँकेमा, हिनामिना गरेमा वा नष्ट गरेमा वा जुनसुकै उद्देश्यले दबाएमा वा क्षति पुऱ्याएमा निजबाट बिगो समेत असुल गरी निजलाई पाँच वर्षसम्म कैद ◈ वा पचास हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ ।

(२) हुलाकबाट चलान गर्न हुलाक अड्डामा पोष्टिङ्ग गर्न ल्याउने हुलाक वस्तुहरु बुझिलिने काममा लगाइएको कर्मचारीले कसैसँग हुलाक वस्तुमा टिकट टाँसी दिउँला भनी टँसाई लिनु दिनु पर्ने अड्डाभित्रै वा अन्यत्र ठाउँमा पैसा लिई टिकट टाँसी नदिई हिनामिना गरेमा, त्यसरी लिए खाएको बिगो भराई निजलाई बढीमा ◈ एक वर्षसम्म कैद वा दश हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ ।

४७. हुलाक वस्तुहरु खोलेमा, रोक्का गरिराखेमा वा ढिलो गरी ओसारेमा वा डेलिभरी गरेमा सजाय: आफ्नो कर्तव्यको विपरीत हुलाक अड्डाको कर्मचारीले हुलाकबाट चलान गर्दाको अवस्थामा हुलाक वस्तु खोलेमा वा खोलाएमा वा जानी जानी रोक्का गरेमा वा गराएमा वा ढिलो गरी ओसारेमा वा ओसार्न लगाएमा वा ढिला गरी डेलिभरी गरेमा वा गराएमा निजलाई बढीमा एक वर्षसम्म कैद ◈वा दश हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ ।

तर यो ऐनले दिएको अधिकार अन्तर्गत वा नेपाल सरकारको लिखित आदेश बमोजिम वा अधिकार प्राप्त अदालतको निर्देश बमोजिम कुनै हुलाक वस्तु खोलेको, रोक्का राखेको वा ओसार्न वा डेलिभरी गर्न ढिलो गरेकोमा यस दफाका कुनै कुरा लागू हुने छैन ।

❒४७क. डाँक परिवहनमा बाधा विरोध गरेमा सजाय: निर्धारित समय तालिका अनुसार डाँक परिवहन गराउँदा कसैले बाधा विरोध गरेमा निजलाई $^{\alpha}$दुई हजार रुपैयाँसम्म जरिबाना हुनेछ ।

---

◈ केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ द्वारा संशोधित ।

❒ दोस्रो संशोधनद्वारा थप ।

$\alpha$ चौथो संशोधनद्वारा संशोधित ।

४८. बढी हुलाक टिकट लिएमा र सरकारी चिन्हमा जालसाजी गरेमा सजायः हुलाक अड्डाको कर्मचारीले देहायको कुनै कसूर गरेमा निजलाई बढीमा एक वर्षसम्म कैद ◈वा दश हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछः–

(क) जालसाजी गरी हुलाक वस्तुमा झुट्टा सरकारी चिन्ह लगाएमा, वा

(ख) हुलाक वस्तुमा लगाइएको सरकारी चिन्ह जालसाजी गरी हेरफेर गरेमा वा हटाएमा वा मेटेमा, वा

(ग) हुलाक वस्तु डेलिभरी गर्ने काम सुम्पिएकोमा, सो वस्तुको यो ऐन बमोजिम नलाग्ने हुलाक टिकटको कुनै रकम जानी जानी मागेमा वा प्राप्त गरेमा ।

४९. हुलाक अड्डाका लिखतहरु जालसाजी गरी बनाएमा, हेरफेर गरेमा, दबाएमा वा नष्ट गरेमा सजायः [७]कसैले जालसाजी गरी कुनै लिखत गलत किसिमसँग तयार गरेमा वा कुनै लिखत हेरफेर गरेमा वा दबाएमा वा नष्ट गरेमा निजलाई बढीमा दुई वर्षसम्म कैद ◈वा बीस हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ ।

५०. हुलाक महसुल नतिरेको हुलाक वस्तुहरु जालसाजी गरी पठाउनेलाई सजायः हुलाक अड्डाको कर्मचारीले यो ऐन अन्तर्गत तोकिएको तरिका अनुसार हुलाक महसुल तिर्नु पर्ने नतिरेको वा असुल गर्नु पर्ने नगरिएको कुनै हुलाक वस्तुलाई जालसाजी गर्ने नियतले हुलाकबाट चलान गरेमा वा हुलाक थैलामा राखेमा निजलाई बढीमा दुई वर्षसम्म कैद ◈वा बीस हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ ।

५१. दफा ३ उल्लङ्घन गरेमा सजायः (१) कुनै व्यक्तिले देहायको कुनै कसूर गरेमा निजलाई सो कसूरसँग सम्बन्धित प्रत्येक चिट्ठी बापत बढीमा ने.रु. पच्चीससम्म जरिबाना हुनेछः–

---

◈ केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ द्वारा संशोधित ।

(क) दफा ३ बमोजिमको नेपाल सरकारको एकाधिकारभित्रको कुनै चिट्ठी हुलाक बाहेक अर्कै साधनबाट ओसारेमा, वा

(ख) त्यस्तो एकाधिकारभित्रको कुनै चिट्ठी हुलाक बाहेक अर्कै साधनबाट ओसार्ने कामसँग सम्बन्धित अरु कुनै काम गरेमा, वा

(ग) त्यस्तो एकाधिकारभित्रको कुनै चिट्ठी हुलाक बाहेक अर्कै साधनबाट पठाएमा वा पठाउनको निमित्त दिएमा वा डेलिभरी गरेमा, वा

(घ) दफा ३ को देहाय (क), (ख) वा (ग) मा लेखिए बमोजिम चिट्ठीहरु हुलाक बाहेक अर्कै साधनबाट पठाउन जम्मा गरेमा ।

(२) कुनै व्यक्तिले यस दफा अन्तर्गत सजाय हुने कसूरको प्रमाणित भै सकेपछि फेरि पनि सोही कसूर गरेमा निजलाई त्यस्तो प्रत्येक कसूर बापत ने.रु. पचाससम्म जरिबाना हुनेछ ।

५२. <u>दफा ४ उल्लङ्घन गरेमा सजायः</u> (१) दफा ४ उल्लङ्घन गरी कुनै व्यक्तिले चिट्ठीहरु ओसारेमा, प्राप्त गरेमा, पठाउनको निमित्त दिएमा वा डेलिभरी गरेमा निजलाई त्यस्तो प्रत्येक चिट्ठी बापत बढीमा ने.रु. पचाससम्म जरिबाना हुनेछ ।

(२) कुनै व्यक्तिले यस दफा अन्तर्गत सजाय हुने कसूर गरेको प्रमाणित भईसकेपछि फेरि फेरि पनि सोही कसूर गरेमा निजलाई त्यस्तो प्रत्येक कसूर बापत बढीमा ने. रु. दुई सयसम्म जरिबाना हुनेछ ।

५३. <u>दफा १३ अन्तर्गत बनेका नियमहरु उल्लङ्घन गरेमा सजायः</u> (१) हुलाक टिकटहरु बिक्री गर्न नियुक्त भएको व्यक्तिले दफा १३ को उपदफा (२) को खण्ड (क) अन्तर्गत बनेको कुनै नियमद्वारा तोकिएको भन्दा

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

बढी मूल्य लिई हुलाक टिकट बिक्री गरेमा ✂त्यसरी लिएको बढी रकम निजबाट भराई निजलाई एक हजार रुपैयाँसम्म जरिबाना हुनेछ ।

(२) कुनै व्यक्तिले दफा १३ अन्तर्गत बनेको अरु कुनै नियम उल्लङ्घन गरेमा निजलाई बढीमा ने. रु. दुई सयसम्म जरिबाना हुनेछ ।

५४. दफा १६ वा दफा १७ उल्लङ्घन गरेमा सजायः (१) कुनै व्यक्तिले दफा १६ वा दफा १७ उल्लङ्घन गरी हुलाकबाट कुनै हुलाक वस्तु वा अरु चीज वस्तु पठाएमा वा पठाउनको निमित्त दिएमा निजलाई बढीमा एक वर्षसम्म कैद ◈वा दश हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ ।

(२) दफा १६ वा दफा १७ मा लेखिएका कुराहरु उल्लङ्घन गरी पठाइएको भन्ने आरोपमा हुलाक वस्तु हुलाक अड्डामा रोक्का रहे तापनि सो पठाउनेले हुलाकको उचित समयमा वस्तुको डेलिभरी भए सरह मानिई कुनै कारबाही गर्न बाधा हुने छैन ।

५५. पत्र मञ्जूषा बिगार्नेलाई सजायः कुनै व्यक्तिले हुलाक वस्तुहरु खसाल्न हुलाक अड्डाबाट राखिएको पत्र मञ्जूषामा आगो, सलाई वा बत्ती वा विष्फोटक, खतरनाक, फोहर, दुर्गन्ध वा हानिकारक वस्तु, वा तरल पदार्थ राखेमा वा पत्र मञ्जूषामा फोहर मैला गरेमा वा पत्र मञ्जूषामा त्यसको कुनै अङ्ग वा त्यसमा भएको वस्तुलाई हानि पुग्न सक्ने गरी कुनै काम गरेमा αक्षतिग्रस्त पत्र मञ्जूषा मर्मत गर्न लगाई निजलाई पाँच सय रुपैयाँसम्म जरिबाना हुनेछ ।

५६. हुलाक अड्डा वा पत्र मञ्जूषालाई बेरुप पार्नेलाई सजायः कुनै व्यक्तिले हुलाक अड्डा वा हुलाक वस्तुहरु खसाल्नको निमित्त हुलाक अड्डाबाट राखिएको पत्र मञ्जूषामा कुनै विज्ञापन, सूचना, सूचिपत्र, लिखित, बोर्ड वा अरु कुनै चीज वस्तु टाँसेमा, लगाएमा वा रङ्ग रोगन लगाई वा अरु कुनै

---

✂ दोस्रो संशोधनद्वारा संशोधित ।

◈ केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ द्वारा संशोधित ।

α चौथो संशोधनद्वारा संशोधित ।

किसिमबाट बेरुप पारेमा [α]बेरुप पारिएको पत्र मञ्जूषा मर्मत गर्न लगाई निजलाई पाँच सय रुपैयाँसम्म जरिबाना हुनेछ ।

५७. झुट्टा विवरण भरेमा सजायः हुलाकबाट पठाइने कुनै हुलाक वस्तु वा त्यसमा रहेका कुनै चीज वस्तु वा त्यसको मूल्यको सम्बन्धमा कुनै विरणपत्र भर्नु पर्ने भएको व्यक्तिले जानी जानी कुनै झुट्टा कुरा भरी दिएमा निजलाई बढीमा ⌘एक हजार रुपैयाँसम्म जरिबाना हुनेछ ।

⌘५८. डाँक रोक्का गरेमा वा खोलेमा वा डाँक थैला भिजाएमा वा हस्तान्तरण गर्न ढिलासुस्ती गरेमा सजायः कुनै व्यक्तिले यो ऐन वा नेपाल सरकारको आदेश वा अधिकार प्राप्त अधिकारी वा अदालतको आदेश बमोजिम बाहेक हुलाकबाट चलान गर्दाको अवस्थामा कुनै डाँक थैला वा हुलाक वस्तु निर्दिष्ट स्थानमा नपुग्दै कुनै बहानाले बीचमा रोकेमा वा खोलेमा वा डाँक थैला भिजाएमा वा डाँक वा हुलाक वस्तु हस्तान्तरण गर्ने काममा खटिएका कर्मचारीलाई सो गर्नमा बाधा विरोध गरेमा निजलाई तीन महिनासम्म कैद ◈वा पाँच हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ ।

५९. गलत डेलिभरी भएको हुलाक वस्तु वा डाँक थैलालाई आफूसाथ राखी छोडेमा सजायः कुनै व्यक्तिले हुलाकबाट चलान गर्दाको अवस्थामा अर्कै व्यक्तिलाई डेलिभरी गर्नु पर्ने कुनै हुलाक वस्तु वा डाँक थैलालाई जालसाजी गरी आफूसाथ राखी छोडेमा वा जानी जानी दबाएमा वा फ्याँकी दिएमा वा रोक्का गरेमा वा हुलाक अड्डाको कर्मचारीको आदेश बमोजिम फिर्ता डेलिभरी नगरेमा वा फिर्ता डेलीभरी गर्न इन्कार गरेमा निजलाई बढीमा ⌘दुई हजार रुपैयाँसम्म जरिबाना हुनेछ ।

६०. चिट्ठीको डेलिभरीमा बाधा दिएमा सजायः कुनै व्यक्तिले अरु व्यक्तिलाई हानि पुऱ्याउने खास बद्नियतले सो व्यक्तिलाई डेलिभरी हुनु पर्ने कुनै

---

⌘ दोस्रो संशोधनद्वारा संशोधित ।

◈ केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ द्वारा संशोधित ।

चिट्ठी खोलेमा वा खोलाएमा वा डेलिभरी गर्ने काममा कुनै तवरले बाधा पुऱ्याउने काम गरेमा निजलाई ✂एक हजार रुपैयाँसम्म जरिबाना हुनेछ ।

तर ठेगानावाला नाबालिग रहेछ वा अरु व्यक्तिको संरक्षणमा बसेको रहेछ भने त्यस्तो ठेगानावालाको बाबु, आमा वा संरक्षकले उपरोक्त कुनै काम कुरा गरेकोमा यो दफा लागू हुने छैन ।

६१. हुलाक टिकट लागेको लिखतको कुरा मेटेमा वा लिखतमा लागेको हुलाक टिकट झिकेमा सजायः कुनै व्यक्तिले जालसाजी गरी वा नेपाल सरकारको हानि नोक्सानी गराउने बद्नियतले कुनै लिखतको प्रयोजनको निमित्त सो लिखतमा टाँसेको हुलाक टिकट अर्कै लिखतमा प्रयोग गर्न हुने गर्न लिखतको कुरा मेटेमा वा हुलाक टिकट नै झिकेमा निजलाई बढीमा तीन वर्षसम्म कैद ◈वा तीस हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ ।

❐६१क. हुलाक टिकट झिकेमा सजायः हुलाक अड्डाको कर्मचारी वा डाँक परिवहनमा लागेका व्यक्तिले हुलाक महसुल बापत हुलाक वस्तुमा टाँसिएको हुलाक टिकट चोरी गरेमा, झिकेमा, फ्याँकेमा वा कुनै प्रकारले नष्ट गरेमा निजलाई त्यस्तो टिकटको बिगो असुल गरी एक हजार रुपैयाँसम्म जरिबाना हुनेछ ।

६२. अघि प्रयोग भै सकेको हुलाक टिकट प्रयोग गरेमा सजायः कुनै व्यक्तिले जालसाजी गरी वा नेपाल सरकारको हानि नोक्सानी गराउने बद्नियतले अघि प्रयोग भै सकेको भन्ने थाहा भएको कुनै हुलाक टिकटलाई ✱पुनः प्रयोग गरेमा ✂नेपाल सरकारलाई क्षति पुग्न गएको रकम निजबाट असुल गरी ◈एक वर्षसम्म कैद र दश हजार रुपैयाँसम्म जरिबाना हुनेछ ।

---

◈ केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ द्वारा संशोधित ।

❐ दोस्रो संशोधनद्वारा थप ।

✱ पहिलो संशोधनद्वारा संशोधित ।

✂ दोस्रो संशोधनद्वारा संशोधित ।

६३. हुलाक टिकटमा लगाइएको सरकारी चिन्ह मेटेमा सजायः कुनै व्यक्तिले जालसाजी गरी वा नेपाल सरकारको हानि नोक्सानी गराउने बद्नियतले कुनै हुलाक टिकट प्रयोग भै रद्दी भैसकेको भन्ने जनाउन लगाइएको सरकारी चिन्हलाई मेटेमा, त्यस्तो सरकारी चिन्ह मेटेको कुनै हुलाक टिकट आफ्नो साथमा राखी छाडेमा वा बेच बिखन गरेमा ⏭.......... निजलाई ◈एक वर्षसम्म कैद र दश हजार रुपैयाँसम्म जरिबाना हुनेछ ।

*६४. हुलाक टिकट वा हुलाक वस्तु सम्बन्धी कसूरमा थप सजायः कुनै व्यक्तिले हुलाक टिकट, हुलाक आदेश वा जवाफीपत्र (कुपन) र हुलाकबाट चलान गर्दाको अवस्थाको हुलाक वस्तु वा त्यसमा रहेको कुनै चीज वस्तुको चोरी, डाँका, कीर्ते वा जालसाजी गरेमा त्यस्तो कसूर बापत प्रचलित नेपाल कानून बमोजिम हुने सजायमा थप एक वर्षसम्म कैद वा एक हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ ।

६५. कसूर गर्न प्रयत्न गरेमा वा दुरुत्साहन गरेमा सजायः यो ऐन अन्तर्गत सजाय हुने कुनै कसूर गर्न प्रयत्न गर्ने वा दुरुत्साहन गर्ने व्यक्तिलाई सोही कसूर गर्नेलाई सरह सजाय हुनेछ ।

६६. हुलाक अड्डाको सम्पत्ति भन्ने प्रमाणित गर्नु पर्याप्त हुनेः हुलाकद्वारा पठाइएको हुलाक वस्तु वा डाँक थैलाको सम्बन्धमा भएको कुनै कसूरमा मुद्दा चलाउँदा सो वस्तु मोल पर्ने वा नपर्ने जे भए तापनि हुलाक अड्डाको सम्पत्ति हो भन्ने प्रमाणित गर्नु पर्याप्त हुनेछ ।

६७. यो ऐन अन्तर्गतको मुद्दा सरकार वादी हुनेः यो ऐन अन्तर्गत सजाय हुने कसूर सम्बन्धी मुद्दामा नेपाल सरकार वादी हुनेछ ।

✎६८. .................

❒६८क. मुद्दा हेर्ने अधिकारः (१) दफा ४३, ४४, ४५, ४७क., ५१, ५२, ५३, ५५, ५६, ५७, ५९, ६०, ◈र ६१क बमोजिम सजाय हुने कसूर सम्बन्धी

---

⏭ पहिलो संशोधनद्वारा झिकिएको ।

✎ न्याय प्रशासन सुधार (चौथो संशोधन) ऐन, २०४३ द्वारा खारेज ।

मुद्दाको कारबाही र किनारा गर्ने अधिकार सम्बन्धित क्षेत्रीय निर्देशकलाई हुनेछ ।

(२) उपदफा (१) बमोजिमको मुद्दा हेर्ने अधिकारीलाई जिल्ला अदालतलाई भए सरहको अधिकार हुनेछ ।

▶(३) उपदफा (१) बमोजिम क्षेत्रीय निर्देशकले गरेको निर्णय उपर ॥सम्बन्धित हुलाक निर्देशनालय रहेको प्रदेशको उच्च अदालतमा पुनरावेदन लाग्नेछ ।

(४) जिल्ला अदालतले आफू समक्ष दायर भएको हुलाक अपराध सम्बन्धी मुद्दाको कारबाही गर्दा सो मुद्दाको रोहबाट सम्बन्धित अभियुक्तले उपदफा (१) मा उल्लेखित दफाहरुसँग सम्बन्धित कुनै कसूर समेत गरेको देखिएमा जिल्ला अदालतले त्यस्ता कसूर सम्बन्धी मुद्दामा समेत कारबाही र किनारा गर्न सक्नेछ ।

(५) हुलाक अपराध सम्बन्धमा तहकिकात गर्दा एकै व्यक्तिले एक भन्दा बढी कसूर गरेको वा एउटै हुलाक वस्तुको सम्बन्धमा विभिन्न व्यक्तिले छुट्टाछुट्टै कसूर गरेकोमा त्यस्ता कसूर सम्बन्धी मुद्दा हेर्ने अधिकार बेग्लाबेग्लै क्षेत्रीय निर्देशकको अधिकार क्षेत्रभित्र पर्ने रहेछ भने त्यस्ता कसूरहरु सम्बन्धी मुद्दाको कारबाही र किनारा गर्ने अधिकार त्यस्तो हुलाक वस्तु डेलिभरी दिने हुलाक अड्डा रहेको ▶ क्षेत्रको क्षेत्रीय निर्देशकलाई हुनेछ ।

(६) एकै व्यक्तिले गरेको हुलाक अपराध सम्बन्धी विभिन्न कसूरहरु वा विभिन्न व्यक्तिहरुले एउटै हुलाक वस्तु सम्बन्धमा गरेको विभिन्न कसूरहरु मध्ये कुनै कसूर सम्बन्धी मुद्दा हेर्ने अधिकार क्षेत्रीय

---

❐ दोस्रो संशोधनद्वारा थप ।

◈ केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ द्वारा संशोधित ।

▶ तेस्रो संशोधनद्वारा संशोधित ।

॥ नेपालको संविधान अनुकूल बनाउन केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७५ द्वारा संशोधित ।

निर्देशकको अधिकार क्षेत्रभित्र र कुनै कसूर सम्बन्धी मुद्दा हेर्ने अधिकार जिल्ला अदालतको अधिकार क्षेत्रभित्र पर्ने रहेछ भने त्यस्तो कसूरहरु सम्बन्धी मुद्दा हेर्ने अधिकार त्यस्तो हुलाक वस्तु डेलिभरी हुने जिल्लाको जिल्ला अदालतलाई हुनेछ ।

⌘६८ख. ................

परिच्छेद – १०

विविध

६९. अरु नियम बनाउने अधिकारः यो ऐनलाई कार्यान्वित गर्न नेपाल सरकारले अरु नियमहरु पनि बनाउन सक्नेछ र ती नियमहरुमा लेखिएका कुनै कुरा उल्लङ्घन गरेमा बढीमा αपाँच सय रुपैयाँसम्म जरिबाना हुने गरी व्यवस्था गर्न सक्नेछ ।

*७०. अधिकार सुम्पन सक्नेः (१) नेपाल सरकारले यो ऐन बमोजिम आफूलाई प्राप्त नियम बनाउने अधिकार बाहेक कुनै वा सबै अधिकार महानिर्देशकले प्रयोग गर्न पाउने गरी सुम्पन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त भएको कुनै अधिकार महानिर्देशकले नेपाल सरकारको स्वीकृति लिई αक्षेत्रीय निर्देशक वा अन्य कुनै अधिकृतलाई सुम्पन सक्नेछ ।

७१. खारेजीः यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियमहरु, आदेश वा सूचनाहरुमा लेखिएको कुरासँग बाझिए जति नेपाल कानून खारेज भएको वा अवस्थानुसार यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियम, आदेश वा सूचनासँग मिल्ने गरी संशोधन भएको मानिनेछ ।

---

⌘ चौथो संशोधनद्वारा खारेज ।

α चौथो संशोधनद्वारा संशोधित ।

* पहिलो संशोधनद्वारा संशोधित ।

द्रष्टव्यः (१) हुलाक (तेस्रो संशोधन) ऐन, २०४५ को दफा ५ र ६ निम्नबमोजिम रहेको छः-

(संवत् २०८१ साल माघ मसान्तसम्म भएका संशोधन मिलाइएको)

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

---

"५. रुपान्तर: मूल ऐनमा ठाउँ ठाउँमा प्रयोग भएको "नियन्त्रक" भन्ने शब्दको सट्टा "क्षेत्रीय निर्देशक" भन्ने शब्दहरु राखी रुपान्तर गरिएको छ ।

६. खारेजी: हुलाक महशूल ऐन, २०१९ खारेज गरिएको छ ।"

(२) केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ द्वारा रुपान्तर भएका शब्दहरुः-

"श्री ५ को सरकार" को सट्टा "नेपाल सरकार" ।

(३) न्याय प्रशासन ऐन, २०७३ द्वारा रुपान्तर भएका शब्दहरुः-

"पुनरावेदन अदालत" को सट्टा "उच्च अदालत" ।

*(मिति २०८१।११।२० गते अद्यावधिक गरेको)*